**प्रकाशकः**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र
खुमलटार, ललितपुर
कार्तिक, २०७५

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण २०७५ साउन, भदौ र असोज महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र
खुमलटार, ललितपुर
कार्तिक, २०७५

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण २०७५ साउन, भदौ र असोज महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
**राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र**
खुमलटार, ललितपुर
कार्तिक, २०७५

# विषय सूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | ५ |
| २. | निकायको काम, कर्तव्य र अधिकार | ६ |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | ८ |
| ४. | केन्द्रबाट प्रदान गरिने सेवा | ९ |
| ५. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख | १० |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ११ |
| ७. | निणर्य गर्ने प्रक्रिया र अधिकारी | ११ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ११ |
| ९. | सम्पादन गरेको कामको विवरण | ११ |
| १०. | कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद | ११ |
| ११. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ११ |
| १२. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | ११ |
| १३. | अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | १२ |
| १४. | सार्वजनिक निकायको वेभसाइटको विवरण | १२ |
| १५. | सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण | १२ |

# राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटार, ललितपुर

## १. निकायको स्वरुप र प्रकृति

कृषि विकासमा विषय विशेषज्ञताको महत्वलाई प्राथमिकता दिई कृषि सेवालाई छिटो र छरितो किसिमले कृषक समक्ष पुऱ्याउन वि.सं. २०२४ सालमा वागवानी लगायत पाँच विभागहरूको गठन भएको थियो । एकीकृत उत्पादन प्रणाली भएको हुँदा नेपाली कृषकका लागि प्रशासकिय तथा आर्थिक दृष्टिले धेरै विभागबाट सेवात्मक कार्य सञ्चालन गर्नु व्यवहारिक देखिएन । तसर्थ वि.सं. २०२९ सालमा तत्कालिन पाँचै विभागहरूलाई गाभेर एउटै कृषि विभागको रूपमा पुनर्गठन गरियो । यसै पुनर्गठनमा बाली विशेषका विकास कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न कृषि विभाग अन्तर्गत बाली विशेषका शाखाहरू समेत स्थापना गर्ने योजना बमोजिम तरकारी, मसला तथा आलु बालीहरूको तालुक अड्डाको रूपमा वि.सं. २०२९ सालमा तरकारी विकास शाखाको स्थापना गरियो र आलु बाली विकासको लागि वि.सं. २०२९ सालमा राष्ट्रियस्तरमा "राष्ट्रिय आलु बाली विकास कार्यक्रम" को स्थापना गरियो । मसला बालीको विकासलाई अघि बढाउन आवश्यक पर्ने पूर्वाधार र प्रविधि विकासका लागि महत्वपूर्ण कार्यहरुको थालनी आ.व. २०३२/३३ (कृषि वर्ष) देखि योजनावद्ध रुपमा शुरुवात् भयो । त्यसै आ.व. मा ईलामको फिक्कलमा अलैंची विकास आयोजनाको स्थापना र २०३४ सालमा पोखरामा अदुवा अनुसन्धान केन्द्रको स्थापना गरियो ।

वागवानीको प्रचुर सम्भावना र आर्थिक उन्नतिमा यसले खेल्न सक्ने भूमिकालाई मध्यनजर राखेर वि.सं. २०४७ सालमा वागवानी विभागको स्थापना गरिएको थियो । यसै क्रममा कृषि मन्त्रालयको वि.सं. २०४९ सालमा नयाँ संरचना बनेपछि यस मन्त्रालय अन्तर्गत रहेका ५ वटा विभागहरूलाई एकीकृत गरी वि.सं. २०४९ श्रावण १ गतेदेखि एक छाता (One Umbrella Concept) मुनि राख्ने योजना अनुसार एउटै कृषि विकास विभागको स्थापना गरियो र तरकारी विकास शाखालाई तरकारी विकास महाशाखामा परिणत गरिएको थियो । त्यसै वर्ष केन्द्रीयस्तरको अलैंची तथा सुठो विकास कार्यक्रम सञ्चालनमा ल्याइयो र २०५२ सालमा भएको सांगठनिक हेरफेरमा यसलाई सुठो तथा अलैंची विकास शाखा नामाकरण गरियो ।

कृषि विभाग अन्तर्गतका विभिन्न महाशाखाहरू छुट्टै कार्यालयका रूपमा सञ्चालित भई आएकोमा वि.सं. २०५६ श्रावणदेखि विभागको सहयोगी महाशाखाहरूको रूपमा लिइयो । आ.व. २०५६/५७ देखि आर्थिक कारोवार समेत विभागबाटै सञ्चालन गरी महाशाखाको अधिकार क्षेत्रलाई साँगुरो बनाइयो । यसो हुँदा प्रशासनिक प्रक्रिया पुरा गर्दागर्दै सेवात्मक कार्यको गतिमा मन्दता आयो । यो प्रक्रियाले विकासको गतिमा प्रतिकूल असर पारेको महशुस गरी यी महाशाखाहरूलाई नेपाल सरकार (म.प.) को

मिति २०५७०३।२६ को निर्णयानुसार तत्कालिन कृषि तथा सहकारी मन्त्रालयले संगठनात्मक संरचनामा केही फेरबदल गरी पुनः छुट्टै कार्यालयको पहिचान दिईयो । यस पटकमा महाशाखाहरूलाई मातहतका अन्य कार्यालयहरूको प्रशासनिक एवं आर्थिक कार्यमा मार्गदर्शन गर्ने गरी कार्यक्रम निर्देशनालय राख्ने भनि तरकारी विकास निर्देशनालय नामाकरण गरियो । अलग-अलग दरबन्दी भएको र छुट्टा-छुट्टै कार्यक्रम बजेट भएका दुई कार्यालयहरू आलु विकास शाखा पछिल्लो समयको राष्ट्रिय आलु बाली विकास कार्यक्रम र सुठो तथा अलैंची विकास शाखा पछिल्लो समयको राष्ट्रिय मसला बाली विकास कार्यक्रम, खुमलटार वि.सं. २०४९ साल श्रावण १ गते देखि नै यस निर्देशनालयको प्रशासनिक नियन्त्रणमा राखिएकोमा आ.व. २०५७/५८ देखि आर्थिक कारोबार समेत यस निर्देशनालयले हेर्ने गरी अख्तियारी दिईएकोमा नेपाल सरकारको निर्णयानुसार आ.व. २०६०/६१ देखि पुनः आर्थिक कारोवार छुट्टा-छुट्टै गरिएको थियो ।

यसै क्रममा देशको संघीयतामा प्रवेश तथा राजनैतिक र प्रशासनिक पुनसंरचनामा तत्कालिन तरकारी विकास निर्देशनालय, राष्ट्रिय आलु बाली विकास कार्यक्रम र राष्ट्रिय मसला बाली विकास कार्यक्रमहरुलाई एकै ठाँउमा गाभेर नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०३।३२ को निर्णय अनुसार कृषि विभाग अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रको स्थापना भयो ।

## २. निकायको काम, कर्तव्य र अधिकार

- अन्तरगतका फार्म केन्द्रहरुलाई आवश्यक नीतिगत तथा कार्यक्रमगत निर्देशन र पृष्ठपोषण,
- आलु, तरकारी तथा मसला बाली प्रवर्द्धनको क्षेत्रमा देशको फोकल कार्यालय,
- सम्बन्धित बाली बस्तुको राष्ट्रिय महत्वका विशेष उत्पादन कार्यक्रम जस्तैः मिशन कार्यक्रम तर्जुमा तथा सञ्चालन,
- आलु, तरकारी तथा मसला बाली विकास सम्बद्ध समस्या पहिचान र समस्या समाधानका लागि कृषि विभागलाई नीतिगत सुझाव,
- अन्तरगतका फार्म केन्द्रहरुमा नविनतम प्रविधि प्रदर्शन तथा प्रसारणको व्यवस्था सम्बन्धी कार्य,
- बोट बिरुवा लगायतका प्रसारण सामग्रीहरुको उत्पादन तथा वितरणको व्यवस्था,
- आलु, तरकारी तथा मसला बाली सम्बद्ध विषयमा राष्ट्रियस्तरमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- फार्म केन्द्र व्यवस्थापनका लागि कृषि विभागलाई आवश्यक परामर्श उपलव्ध गराउने,
- नेपाल सरकारले तोकेको आलु, तरकारी तथा मसला बाली विकास सम्बन्धी अन्य कार्यहरु ।

# नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## कृषि विभाग
## राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटार, ललितपुरको संगठन संरचना

**प्रमुख**
रा.प. प्रथम/कृषि/समूहकृत नहुने-१

**योजना, अनुगमन तथा समन्वय शाखा**
१. वरिष्ठ वाग. विकास अधिकृत, रा.प.द्वि.(कृषि/वागवानी) -१
२. वागवानी विकास अधिकृत, रा.प.तृ.(कृषि/वागवानी) -१
३. कृषि अर्थ विज्ञ, रा.प.तृ. (कृषि/एगृ. इको.) -१
४. प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/एगृ. इको.) -१

**प्राविधिक शाखा**
१. वरिष्ठ वाग. विकास अधिकृत, रा.प.द्वि.(कृषि/बागवानी)-१
२. वागवानी विकास अधिकृत, रा.प.तृ.(कृषि/बागवानी)-३
३. कृषि प्रसार अधिकृत, रा.प.तृ.(कृषि/कृषि प्रसार)-१
४. बाली संरक्षण अधिकृत, रा.प.तृ.(कृषि/बाली संरक्षण)-१
५. माटो विज्ञ, रा.प.तृ.(कृषि/माटो) -१
६. प्राविधिक सहायक, रा.प.अनं.प्र. (कृषि/बागवानी)-१

**प्रशासन शाखा**
१. नायव सुव्वा (प्रशासन/सा.प्र./रा.प.अनं.प्र.)-१
२. लेखापाल (प्रशासन/लेखा/रा.प.अनं.प्र.)-१
३. कम्प्युटर अपरेटर (विविध/रा.प.अनं.प्र.)-१
४. खरिदार (प्रशासन/सा.प्र./रा.प.अनं.द्वि.)-१
५. हलुका सवारी चालक, श्रेणीविहीन-३
६. कार्यालय सहयोगी, श्रेणीविहीन-३

**तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुर**

| | |
|---|---|
| १. वरिष्ठ वाग. विकास अधिकृत रा.प.द्वि.प्रा (वागवानी) | -१ |
| २. वागवानी विकास अधिकृत रा.प.तृ.प्रा (वागवानी) | -२ |
| ३. वाली संरक्षण अधिकृत रा.प.तृ.प्रा) बाली संरक्षण) | -१ |
| ४. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा (वागवानी) | -३ |
| ५. नायव प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा (वागवानी) | -१ |
| ६. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) | -१ |
| ७. खरिदार रा.प.अनं.द्वि.प्र. (सा. प्रशासन) | -१ |
| ८. हलुका सवारी चालक, श्रेणीविहिन | -२ |
| ९. का.स. श्रेणीविहिन | -३ |
| जम्मा | -१५ |

**तरकारी बीउ उत्पादन केन्द्र, रुकुम**

| | |
|---|---|
| १. वरिष्ठ वागवानी विकास अधिकृत रा.प.द्वि.प्रा. (वागवानी) | -१ |
| २. वागवानी विकास अधिकृत रा.प.तृ.प्रा.( वागवानी) | -१ |
| ३. बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा(बाली संरक्षण) | -१ |
| ४. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (वागवानी) | -१ |
| ५. नायव प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (वागवानी) | -२ |
| ६. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) | -१ |
| ७. खरिदार रा.प.अनं.द्वि.प्र. (सा. प्रशासन) | -१ |
| ८. हलुका सवारी चालक, श्रेणी विहिन | -१ |
| ९. का.स. श्रेणी विहिन | -३ |
| जम्मा | -१२ |

**आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोक**

| | |
|---|---|
| १. वरिष्ठ वागवानी विकास अधिकृत रा.प.द्वि.प्रा.) वागवानी) | -१ |
| २. वागवानी विकास अधिकृत रा.प.तृ.प्रा) वागवानी) | -२ |
| ३. बाली संरक्षण अधिकृत रा.प.तृ.प्रा. (बाली संरक्षण) | -१ |
| ४. माटो विज्ञ रा.प.तृ.प्रा (माटो) | -१ |
| ५. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा.(वागवानी) | -४ |
| ६. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) | -१ |
| ७. खरिदार रा.प.अनं.द्वि.प्र. (सा. प्रशासन) | -१ |
| ८. हलुका सवारी चालक श्रेणी विहिन | -१ |
| ९. का.स. श्रेणीविहिन | -३ |
| जम्मा | -१५ |

**अलैची विकास केन्द्र, फिक्कल, इलाम**

| | |
|---|---|
| १. वरिष्ठ वागवानी विकास अधिकृत रा.प.द्वि.प्रा.) वागवानी) | -१ |
| २. वाग. विकास अधिकृत रा.प.तृ.प्रा.) वागवानी) | -२ |
| ३. बाली सं. अधिकृत रा.प.तृ.प्रा. ) बाली संरक्षण) | -१ |
| ४. माटो विज्ञ रा.प.तृ.प्रा (माटो) | -१ |
| ५. प्राविधिक सहायक रा.प.अनं.प्र.प्रा. (वागवानी) | -२ |
| ६. नायव प्राविधिक सहायक रा.प.अनं.द्वि.प्रा. (वागवानी) | -१ |
| ७. सह लेखापाल रा.प.अनं.द्वि.प्र. (लेखा) | -१ |
| ८. खरिदार रा.प.अनं.द्वि.प्र. (प्र. प्रशासन) | -१ |
| ९. हलुका सवारी चालक श्रेणीविहिन | -१ |
| १०. का.स. श्रेणीविहिन | -३ |
| जम्मा | -१४ |

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रको दरवन्दी विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका १-राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख | रा.प. प्रथम | नेपाल कृषि | समूहकृत नहुने | १ | |
| २ | वरिष्ठ वागवानी विकास अधिकृत | रा.प. द्वितीय | नेपाल कृषि | वागवानी | २ | |
| ३ | वागवानी विकास अधिकृत | रा.प. तृतीय | नेपाल कृषि | वागवानी | ४ | |
| ४ | बाली संरक्षण अधिकृत | रा.प. तृतीय | नेपाल कृषि | बाली संरक्षण | १ | |
| ५ | कृषि अर्थ विज्ञ | रा.प. तृतीय | नेपाल कृषि | एगृ.ईको एण्ड मार्केटिङ्ग | १ | |
| ६ | कृषि प्रसार अधिकृत | रा.प. तृतीय | नेपाल कृषि | कृषि प्रसार | १ | |
| ७ | माटो विज्ञ | रा.प. तृतीय | नेपाल कृषि | माटो | १ | |
| ८ | नायव सुव्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ९ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ | |
| १० | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | विविध | १ | रिक्त |
| ११ | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | एगृ.ईको एण्ड मार्केटिङ्ग | १ | |
| १२ | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | नेपाल कृषि | वागवानी | १ | |
| १३ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| १४ | हलुका सवारी चालक | श्रेणीविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | |
| १५ | कार्यलय सहयोगी | श्रेणीविहिन | | | | |
| **जम्मा** | | | | | **२३** | |

## ४. केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट प्रदान गरिने सेवा तथा सेवा प्राप्त गर्न लाग्ने दस्तुर सम्बन्धी विवरण

### तालिका २-राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटारको नागरिक वडापत्र

| क्र. सं. | प्रदान गरिने सेवाहरु | कार्य बिधि | सम्बन्धित ब्यक्ति/पद | शुल्क | समय | जिम्मेवार ब्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | तरकारीको मूल बीउको श्रोत ब्यबस्थापन/बीउ उत्पादनर तथा प्रमाणीकरण | किसिम, जात, परिमाण खुलाई निवेदन दर्ता गर्नुपर्ने | राजेन्द्रनाथ अधिकारी वरिष्ठ वागवानी विकास अधिकृत राजन परियार माटो विज्ञ | निवेदन दिनु पर्ने | एक हप्ता भित्र | केन्द्र प्रमुख |
| २ | व्यवसायिक तरकारी खेती सम्बन्धी सल्लाह सुझाब | सम्बन्धित बाली तोकी निवेदन दिनुपर्ने | सन्देश धिताल वरिष्ठ वागवानी विकास अधिकृत बिष्णु बोगटी वागवानी विकास अधिकृत | नि:शुल्क | एक हप्ता भित्र | केन्द्र प्रमुख |
| ३ | तरकारी, आलु, कन्दमुल र मसला बाली सम्बन्धी प्राविधिक जानकारी | केन्द्रमा सम्पर्क राख्नुपर्ने | सन्देश धिताल वरिष्ठ वागवानी विकास अधिकृत अरुण खनाल वागवानी विकास अधिकृत | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ४ | प्राङ्गारिक तरकारी खेती सम्बन्धी प्राविधिक जानकारी | केन्द्रमा सम्पर्क राख्नुपर्ने | राजेन्द्रनाथ अधिकारी वरिष्ठ वागवानी विकास अधिकृत आस्था दाहाल कृषि प्रसार अधिकृत | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ५ | तरकारी आलु, कन्दमुल र मसलाबाली सम्बन्धी तथ्याङ्क | संस्थागत पत्र तथा निबेदन | आशा श्रेष्ठ योजना अधिकृत रवि कुमार के.सी. वागवानी विकास अधिकृत कालिका वन प्रा.स. | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ६ | तरकारी आलु कन्दमुल र मसलाबाली संरक्षण सेवा सम्बन्धी | केन्द्रमा सम्पर्क राख्नुपर्ने | धिरेन्द्र झा वाली संरक्षण अधिकृत राजन परियार र माटो बिज्ञ | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ७ | तरकारी बालीमा माटो तथा मलखाद ब्यबस्थापन | केन्द्रमा सम्पर्क राख्नुपर्ने | गगन सिं के.सी. वागवानी विकास अधिकृत राजन परियार माटो बिज्ञ | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ८ | तालिम भ्रमण गोष्ठी सेमिनार एवं सञ्चार तथा प्रकाशन एवं वितरण | केन्द्रमा सम्पर्क राख्नुपर्ने | आस्था दाहाल कृषि प्रसार अधिकृत कालिका वन प्रा.स. | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ९ | आलु बालीको टी.पी.एस. र पि.वि.एस. तथा श्रोत बीउ ब्यबस्थापन | केन्द्रमा सम्पर्क राख्नुपर्ने | बिष्णु बोगटी बागबानी विकास अधिकृत लक्ष्मी आचार्य प्रा.स. | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| १० | प्रशासन तथा जिन्सी सम्बन्धी कार्य | केन्द्रमा सम्पर्क राख्नुपर्ने | रुक्मणी देबी भट्टराई नायब सुब्बा गिता लामिछाने, खरिदार | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |
| ११ | लेखा तथा आर्थिक कारोबार | आवश्यक कागजात सहित केन्द्रमा सम्पर्क राख्नुपर्ने | कालिका पुडासैनी लेखापाल | नियमा-नुसार | एक हप्ता भित्र | केन्द्र प्रमुख |
| १२ | गुनासा र उजुरी सुन्ने | लिखित निबेदन तथा मैखिक गुनासो | राजेन्द्रनाथ अधिकारी वरिष्ठ बागबानी विकास अधिकृत | नि:शुल्क | तुरुन्त | केन्द्र प्रमुख |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

यस केन्द्रको तल उल्लेखित शाखाहरुबाट कार्यालयको कार्यहरु सम्पादन हुने गरेको छ। शाखा प्रमुख र शाखासँग सम्बन्धित कर्मचारीको विवरण तालिका ३ मा उल्लेख गरिएको छ।

तालिका ३-राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र, खुमलटारको शाखाहरु, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीको विवरण

| सि. नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | योजना, अनुगमन तथा समन्वय शाखा | सन्देश धिताल | वरिष्ठ वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| | | आशा श्रेष्ठ | कृषि अर्थ विज्ञ | |
| | | रवि कुमार के.सी. | वागवानी विकास अधिकृत | |
| | | कालिका वन | प्राविधिक सहायक | |
| २. | प्राविधिक शाखा | राजेन्द्रनाथ अधिकारी | वरिष्ठ वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| | | विष्णु वोगटी | वागवानी विकास अधिकृत | |
| | | अरुण खनाल | वागवानी विकास अधिकृत | |
| | | गगन सिंह के.सी. | वागवानी विकास अधिकृत | |
| | | धिरेन्द्र झा | वाली संरक्षण अधिकृत | |
| | | राजन परियार | माटो विज्ञ | |
| | | आस्था दाहाल | कृषि प्रसार अधिकृत | |
| | | लक्ष्मी आचार्य | प्राविधिक सहायक | |
| ३. | प्रशासन शाखा | अच्युत कालिका पुडासैनी | लेखापाल | |
| | | रुक्मीणी देवी राई | नायव सुव्वा | |
| | | गीता लामिछाने | खरिदार | |
| | | | कम्प्युटर अपरेटर | रिक्त |
| | | गरूडध्वज खड्का | हलुका सवारी चालक | |
| | | दया राउत | | |
| | | गोपाल श्रेष्ठ | | |
| | | चेतमान देसार | कार्यालय सहयोगी | |
| | | सुरेन्द्र तामाङ. | | |
| | | कान्छी के.सी. | | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट प्रदान गरिने सेवा तथा सो को लागि लाग्ने दस्तुर एवं अवधि तालिका नं. २ मा दिईएको छ ।

## ७. निणर्य गर्ने प्रक्रिया र अधिकारी

केन्द्र प्रमुखबाट हुने निर्णयमा टिप्पणी प्रक्रिया अवलम्बन गर्ने गरिएको छ । अधिकार प्रत्यायोजन भए बमोजिम शाखा प्रमुखहरूबाट निर्णय गर्ने गरिएको छ । कार्यालयको आन्तरिक व्यवस्थापनको लागि कतिपय निर्णयहरु कार्यालयको मासिक बैठकमा समेत हुने गरेको छ। विषय बस्तु अनुसार पत्रमा नै तोकआदेश गरी कतिपय निर्णय गर्ने गरिएको छ ।

## ८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

यस केन्द्रबाट गरिएका निर्णयउपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथिका अधिकारी समक्ष उजुरी गर्नुपर्नेछ । प्रचलित कानूनले नै तोकेका विषयमा सोही बमोजिम नै हुनेछ ।

## ९. सम्पादन गरेको कामको विवरण

- यस अवधिमा बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ तयार गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश भई स्वीकृत समेत भई सकेको छ ।
- प्राङ्गारिक कृषि उत्पादन अभियान कार्यक्रम कार्यान्वयनको लागि कार्यविधिको मस्यौदा तयार भई कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश भएको छ ।
- गत आ.व. मा सञ्चालन भएका क्रियाकलापहरुको अनुगमन भएको छ ।
- विभिन्नस्तरका सरोकारवाला निकायहरुसँग छलफल भएको छ ।

## १०. केन्द्र प्रमुख र सूचना अधिकारीको नाम र पद

क. प्रमुखको नाम र पदः डा. हरि वहादुर के.सी., प्रमुख
सम्पर्क नं. 01-5525513, 9851223701

ख. सूचना अधिकारीको नाम र पदः सन्देश धिताल, वरिष्ठ वागवानी विकास अधिकृत
सम्पर्क नं. 01-5525513, ९८१८८३७६३३
ईमेलः npvsckhumaltar@gmail.com

## ११. ऐन, नियम, विनियम वा निर्देशकाको सूची

- बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

## १२. आम्दानी, खर्च था आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

| महिना | चालु खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| श्रावण | ० | ० | ० |
| भाद्र | ० | ० | ० |
| आश्विन | ४४६४०४९.० | ० | ४४६४०४९.० |
| जम्मा खर्च | ४४६४०४९.० | | ४४६४०४९.० |

**१३. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण अघिल्लो आर्थिक वर्षमा सञ्चालन भएका कार्यक्रमहरुको विवरण**

- प्रिसिजन तथा प्रोक्टेड हर्टिकल्चर प्रविधि विस्तार,
- कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम,
- अलैंची निजी नर्सरी स्थापना,
- अलैंची प्रशोधन ड्रायर स्थापना,
- बीउ आलु उत्पादन कार्यक्रममा प्रमाणीकरण,
- आलुको पूर्व मूल बीउ उत्पादनको लागि तन्तु प्रजनन प्रयोगशाला स्थापना ।

**१४. सार्वजनिक निकायको वेभसाइटको विवरण**

यस राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रको वेभसाईट http://www.ncpvs.gov.np रहेको छ ।

**१५. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

सूचना केन्द्रको सूचना पाटीमा, वेभसाइटमा वा राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित हुने ।